ईन्द्रावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

प.सं. : ०७५/०७६
च.नं. : ४९८

३ नं प्रदेश, नेपाल

## निजी श्रोत शिक्षक नियुक्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५/०६/०९

यस ईन्द्रावती गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयहरूमा निजी श्रोत शिक्षकको नियुक्ति गर्नुपर्ने भएको हुंदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिल बमोजिमका पदहरूमा दरखास्त आवेदन आव्हान गरिएको छ।

**माग गरिएको पद:**

| सि.न. | विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | ५/२०७५-०७६ | वाल विकास सहज कर्ता | ४ जना |
| २ | ६/२०७५-०७६ | आधारभूत तह (१- ५) | १३ जना |
| ३ | ७/२०७५-०७६ | आधारभूत तह (१- ८) | ६ जना (गणित २, विज्ञान २, अंग्रेजी २) |
| ४ | ८/२०७५-०७६ | माध्यमिक तह (१- १०) | ११ जना (गणित ३, विज्ञान४, अंग्रेजी ४) |

- **न्यूनतम शैक्षिक योग्यता:**
  - (क) वालविकास सहज कर्ता : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।
  - (ख) आधारभूत तह (१- ५): मान्यता प्राप्त शिक्षण संस्थाबाट प्लस टु (दश जोड दुई) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ तर हाल कार्यरत शिक्षकको हकमा एस.एल.सी. वा सो सरह उत्तीर्णले पनि आवेदन पेश गर्न सक्नेछन। यसका लागि विद्यालयको सेवा प्रमाणित पत्र अनिवार्य हुनेछ।
  - (ग) आधारभूत तह (१- ८): मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ तर हाल कार्यरतको शिक्षकको हकमा दश जोड दुई उत्तीर्ण गरेका उम्मेदवारले पनि आवेदन पेश गर्न सक्नेछन। आवेदन पेश गर्दा विषय खुलाउनुका साथै सम्बन्धित विद्यालयको सेवा प्रमाणितको पत्र अनिवार्य पेश गर्नुपर्नेछ।
  - (घ) माध्यमिक तह (१ - १०): मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ। माथिल्लो तहको योग्यता हासिल गरेको उम्मेदवारलाई प्राथमिकता दिईनेछ। तर कार्यरत शिक्षकको हकमा आवेदन पेश गर्दा विषय खुलाउनुका साथै सम्बन्धित विद्यालयको सेवा प्रमाणितको पत्र अनिवार्य पेश गर्नुपर्नेछ।
- **आवेदन दिनुपर्ने अन्तिम मिति:** २०७५/०६/२३ (सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र।
- **आवेदन बुझाउने स्थान:** ईन्द्रावती गाउं कार्यपालिका, शिक्षा शाखा, नवलपुर।
- **आवश्यक कागजात:**
  - (क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
  - (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**